# नेपाल ख्रीष्टियन हेराल्ड
# NEPAL CHRISTIAN HERALD




**राष्ट्र, राष्ट्रियता, आत्मिक जागृतिमा समर्पित इसाई क्षेत्रको सच्चा पहरेदार**

Volume 20 No 10 Monthly International Edition of Herald of His Coming October 2019
**वर्ष २०, अङ्क १० हेराल्ड अफ हिज कमिङको अन्तर्राष्ट्रिय सम्पादन (कार्तिक, २०७६)**

# ख्रीष्टियनलाई प्रभुलाई हेरिरहनुहुन्छ
## The Christian's Watchworld

**By Lee Roberson (1909-2007)**

Vol 78 No. 11 (935)

"तिमीहरूको सहनशीलता सबै मानिसहरूलाई थाहा होस् प्रभु नजिकै हुनुहुन्छ।" (फिलिप्पी ४४ :५) परमेश्वर नजिकै हुनुहुन्छ भन्ने कुरा पहिलेका ख्रीष्टिनहरूलाई पावलले बताउँदछन्। तिमीहरूले परमेश्वरको नाउँलाई प्रयोग गरेर आफ्नो जीवनलाई सत्यतामा राख्न कोशिस गर्दथ्यौ। हो, परमेश्वर नजिकै हुनुहुन्छ कुनै पनि समयमा उहाँ हाम्रो नजिक आउनुहुन्छ। उहाँबाट हामीले धेरै कुरा सिक्नुपर्छ र उहमा रहनुपर्छ र उहाँको डर मान्नु पर्छ। उहाँको दोस्रो आगमन नजिकै आइपुगेको छ। पावलले प्रभु छिटै आउनु हुन्छ भन्ने कुरालाई विशेष जोडदिदै उहाँको निम्ति तयारी रहन विशेष जोड दिन्छन्। तल केही विशेष बुँदाहरूले अझ स्पष्ट बनाउँदछ।

**(१) प्रभु नजिक हुनुहुन्छ त्यसैले प्रार्थनाको जीवन पजउनु :** "होसियार रहो, जागा बस र प्रार्थना गर किनकि त्यो बेला कहिले आउने हो सो तिमीहरू जान्दैनौ।" (मर्कुस १३ : ३३) ख्रीष्ट आउँदै हुनुहुन्छ त्यसकारण प्रार्थना गर्दै उहाँलाई पर्खिरहनु पर्छ। सबै ख्रीष्टियनहरूलाई धेरैभन्दा धेरै प्रार्थना गर्दै उहाँलाई परिवर्तनको निम्ति आह्वान गर्दछन्। हाम्रो भित्री हृदयदेखि प्रार्थना गर्नुपर्छ। पवित्र आत्माका पूर्ण भएर हाम्रो भित्री हृदयदेखि न्यायका प्रभुसँग प्रार्थना गर्नुपर्छ। सम्पूर्ण स्त्री र पुरुषले एकै नाराले निरन्तर सर्वशक्तिमान् परमेश्वरसँग प्रार्थना गर्नुपर्छ। जब हामी लगातार प्रार्थना गर्दछौँ, परमेश्वरको शक्तिले हाम्रो जीवन परिवर्तन गर्दछ।

येशू ख्रीष्ट परमेश्वरको पुत्र हुन्थ्यो र पनि उहाँले लगातार प्रार्थना गरिरहनुहुन्थ्यो। उहाँका हरेक मौकाहरूमा प्रार्थना गर्दै कामहरू अगाडि बढाउनु हुन्थ्यो र मानिसलाई सेवा दिनुहुन्थ्यो। जसरी येशूले आफ्ना पितासँग प्रार्थनामा बिताउनु हुन्थ्यो, त्यसरी नै हामी पनि भोकै पाउने बितिकै प्रार्थनामा समय बिताउनु पर्छ। परमेश्वरको दोस्रो आगमनलाई पर्खिरहेका मानिसहरूले उहाँको दोस्रो आगमन हुनुभन्दा पहिले सम्पूर्ण उहाँका सृष्टिले उहाँको नाउँमा घुँडा टेक्नुपर्छ र विश्वास गर्नुपर्छ भन्ने कुरा बिर्सनु हुँदैन। त्यसको निम्ति परमेश्वरले आफ्नो शक्ति, शान्ति, आनन्द दिनुहुन्छ। हामी पूर्णरूपमा परमेश्वरको पुत्रमा प्रार्थनासहित लागिरहनुपर्छ।

थुप्रै मानिसहरू एक अर्कामा झगडा गर्छन्। तँछाडमछाड गर्छन् तर परमेश्वरको सिद्धान्त सबैलाई समानरूपले प्रेम गर्नु र सँगै रोटी भाँच्नु हो। आउँदछ, त्यसकारण यस्तो नहोस् भनेर उहाँका जनहरूका निम्ति हामी लगातार प्रार्थना गर्नु पर्दछन्। जसको कारणले अनैतिकताका क्रियाकलापहरू हटेर जानेछन्। हरेक क्रियाकलापमा सफलता पाउनको निम्ति प्रार्थनाको आवश्यकता हुन्छ। त्यसकारण हामी उहाँसँग लगातार हृदयदेखि प्रार्थना गर्नुपर्छ। तबमात्र हामीले उत्तर पाउन सक्छौं।

कहिलेकाहीँ हामीले हाम्रो साथीहरूबाट, परिवारबाट, समाजबाट विभिन्न किसिमका प्रार्थनामा अवरोध आउने थोकहरू पाउँदछौं। त्यसलाई पछ्याउँदै उहाँको सेवामा लाग्नुपर्छ।

उनीहरूलाई पनि खीष्टको प्रेममा प्रेम गर्दै हामी सँगसँगै हिँड्नुपर्छ । त्यसकारणले खीष्ट नजिकै हुनुहुन्छ । हामीले जीवन प्रार्थनामय बनाउनु पर्छ, चाहे त्यो सानो किन नहोस् । अभाव ठूलो सबैलाई उत्तिकै महत्व दिएर प्रार्थनामा लागिरहनु पर्छ । यदि हाम्रो जीवन प्रार्थनाको जीवन भयो भने हरेक खीष्टियनहरू ईश्वरीय गुणमा जिउनलाई दुःख हुँदैन । त्यसकारण आउनुहोस् सबै जातले खीष्टमा हृदयदेखि प्रार्थनाको जीवन बिताऊँ ।

**(२) प्रभु नजिकै हुनुहुन्छ त्यसकारण धैर्य बनः** "त्यसकारण भाइ हो, प्रभुको आगमन नहोउन्जेल धैर्यधारण गर । हेर भूमिको बहुमूल्य फसलको आशा राखेर किसानले अगिल्लो र पछिल्लो वर्षा नहोउन्जेल धैर्यधारण गरेर पर्खिरहन्छ । तिमीहरूले पनि धैर्य धारण गर । आफ्नो हृदयलाई स्थिर गराओ किनकि प्रभुको आगमन नजिकै छ ।" (याकूब ५:७ - ८)

**(क) प्रभु नजिकै हुनुहुन्छ, त्यसैले सेवा गर्न धैर्यताका साथ गर :** फसल भित्र्याउनको निम्ति केही धैर्यधारण गर्नुपर्छ । हामी येशू सेवकहरूले सधैं पाकेको फलमात्र प्राप्त गर्न सक्दैनौं । के छ त्यसमा हानि लागि रहनुपर्छ । जसरी किसानले आफ्नो प्राप्त गर्न सक्दैनौं । के छ त्यसमा हामी लागिरहनु पर्छ । जसरी किसानले आफ्नो खेती पाकेर भित्र्याउने समयलाई पर्खिरहेको हुन्छ, त्यस्तै हामीले खीष्टको निम्ति गरेका कार्यहरू पनि एकदिन फसल प्राप्त गर्नेछौं भन्ने आशासहित गर्नु पर्छ ।

**(ख) प्रभु नजिकै हुनुहुन्छ, त्यसकारण आफ्नो दुःख धैर्य बन :** प्रभु नजिकै हुनुहुन्छ । हाम्रा सबै फिक्रीहरू उहाँमा सुम्पिदिऊ हुन सक्छ आज तपाईं सबै कुराको निम्ति दुःख हुनुहुन्छ त्यसै समयमा खीष्ट आउनुभयो भने सबै फिक्रिहरू समाप्त हुनेछन् र खीष्टलाई विश्वास गरेको कारण उहाँको आगमनसँगै उहाँसँग उठाइ लगिनुहुनेछ । त्यसकारण "कुनै कुरामा चिन्तित नहोओ, तर हरेक कुरामा प्रार्थना र निवेदनद्वारा धन्यवादसहित तिमीहरूका बिन्ती परमेश्‍वरमा जाहेर होऊन् ।" फिलिप्पी ४ : ६) र त्यहाँ उहाँको प्रतिज्ञा पनि छ "र समयले नै भ्याउन नसकिने परमेश्‍वरको शान्तीले तिमीहरूका हृदय र तिमीहरूका मनलाई येशूमा रक्षा गर्नेछ ।" (पद ७)

**(ग) मृत्युजस्ता अवस्थामा पनि धैर्य बन्नु -** पावलले थिसलोनिकीको मण्डलीलाई उत्साहको निम्ति खीष्टको आगमनको निम्ति बताउँदै सम्पूर्ण खीष्ट प्रेमीजनहरूलाई भन्दछन् "तर भाइ हो । सुतिगएकाहरूको विषयमा तिमीहरू अन्जान बस भन्ने हामी इच्छा गर्दैनौं, र तिमीहरूले आशा नहुने मानिसहरू जस्ता शोक गर्नु नपरोस् । किनकि हामी विश्‍वास गर्छौं कि येशू भर्नुभयो र फेरि जिई उठ्नुभयो र त्यसरी नै परमेश्‍वरले उहाँमा सुतिगएकाहरूलाई येशूद्वारा ल्याउनु हुनेछ । प्रभुको वचनद्वारा हामी तिमीहरूलाई घोषणा गर्छौं कि हामी जो जीवित छौं र प्रभुको पुनारागमनसम्म बाँचिरहन्छौं । सुतिगएकाहरूलाई कुनै किसिमले उछिन्ने छैनौं । किनकि प्रभु स्वयम् हुकुमको गर्जनसित प्रधान स्वर्गदूतको आवाज र परमेश्‍वरको तुरहीको स्वरसित स्वर्गबाट ओर्लनु हुनेछ । र, खीष्टमा मरेकाहरूचाहिँ पहिले बौरी उठ्नेछन्, तब हामी बाँचिरहेका र छोडिएकाहरू प्रभुलाई आकाशमा भेट्न तिनीहरूका साथसाथै बादलमा उठाई लागिनेछौ । र, यसरी हामी सधैं प्रभुसँग रहनेछौं । यसैकारण एउटाले अर्कोलाई यी वचनले सान्त्वना देओ ।" (१ थिसलोनिकी ४:१३ - १८)

अति नै दुःखको समयमा खीष्ट आउनु हुन्छ र पहिला उहाँमा सुतेकालाई उठाउनुहुनेछ र हाम्रो बाँचेका आकाशमा भेट्न जानेछौ भन्ने कुराले सान्त्वना दिन त्यति सजिलो त छैन तरै पनि यदि हामी बाइबललाई विश्‍वास गर्दछौं भने यो बाइबलमा लेखिएको छ, हामीले सान्त्वना पाउनु पर्छ र दिनु पनि पर्छ । प्रभु नजिकै हुनुहुन्छ उहाँको आगमन नजिकै छ । त्यसैले यी काम गर्न हामीले पछाडि पर्नु हुँदैन ।

**(घ) अरूसँग भएको भिन्नतामा धैर्य हुनुपर्छः** प्रभु हामी नजिकै हुनुहुन्छ त्यसैले येशूको आगमन नहुन्जेल धैर्यधारण गर्नुपर्छ । याकूबले आफ्नो पत्रमान यसरी भन्दछन् "भाइ हो, एउटाले अर्काको विरुद्धमा गनगन नगर, नत्रता तिमीहरू दोषी ठहरिनेछौ । हेर, न्यायकर्ता ढोकामै हुनुहुन्छ । भाइ हो, कष्ट भोग र धैर्यको उदाहरण कस्तो हुनुपर्ने हो सो प्रभुको नाउँमा बोल्ने अगमवक्ताहरूलाई हेर । हेर धैर्य धारण गर्नेहरूलाई हामी धन्यका भन्दछौं तिमीहरूले अय्यूबको स्थिरताको विषयमा सुनेका छौ र प्रभुको अभिप्राय देखेका छौ, कि प्रभु कस्तो करुणामय, भय र कृपालु हुनुहुन्छ ।" (याकूब ५:९-११)

खीष्टियन भएको नाताले जुन कुरा हामीलाई दिइएको छ, त्यसबाट हामी टाढा भाग्नु हुँदैन । होशियारी हुनु र पालना गर्नु भनेको अरूभन्दा धेरै गुणा फरक हुन्छ । तपाईंको विरुद्धमा खडा हुनेहरूको विरुद्धमा नलाग्नु होस् बरु तिनीहरू निम्ति प्रार्थना गर्नुहोस् । शत्रुको निम्ति प्रार्थना गर भनेर बाइबलले सिकाउँदछ । तिनीहरूलाई प्रेम गर्नुहोस् र प्रभुको दोस्रो आगमन सम्म धैर्य बन्नुहोस् ।

**(३) प्रभु नजिकै हुनुहुन्छ त्यसकारण**

**शुद्ध रहोः** अर्को सबैभन्दा बलियो भनाइ हामी शुद्ध हुनुपर्छ ताकि उहाँ नजिकै हुनुहुन्छ । "प्रिय हो, अहिले हामी परमेश्वरका सन्तान हौं र हामी के हौंला, सो अहिलेसम्म प्रकट भएको छैन, यति जान्दछौं कि जब उहाँ प्रकट हुनुहुन्छ, तब हामी उहाँजस्तै हुनेछौं किनकि उहाँजस्तो हुनुहुन्छ, हामी उहाँलाई त्यस्तै देख्नेछौं । अनि जस्तो उहाँ पवित्र हुनुहुन्छ उहाँमाथि यो आशा राख्ने हरेक मानिसले आफूलाई पवित्र पार्दछ ।" (१ यूहन्ना ३ : २ -३) पावलले पनि उस्तै विचार दिन्छन् र भन्दछन्, "जसले हामीलाई भक्तिहीनता र सांसारिक तृष्णाहरू त्याग्न र संसारमा संयमी, सोझो र भक्त भएर जीवन यापन गर्न तालिम दिन्छ । र, हाम्रो धन्यको आशा हाम्रा महान् परमेश्वर मुक्तिदाता येशू ख्रीष्टका महिमाको आगमनको हामी प्रतिज्ञा गर्दछौं । ख्रीष्टले हामीलाई सबै अधर्मबाट मोल तिरेर उद्धार गर्नुभयो, सुकर्ममा जोशिलो भएको आफ्नै निम्ति एक विशेष जाति शुद्ध पार्नलाई आफूलाई दिइहाल्नुभयो ।"(तीतस २ : १२ - १४) प्रेरित पत्रुससँग पनि उस्तै विचार थियो, उनले यसरी भन्दछन् कि "यी सबै कुराहरू यसरी पग्लन्छन् भन्ने जानेर पवित्रता र मुक्तिको जीवनमा तिमीहरू कस्ता किसिमका मानिस हुनुपर्छ ?" ( २ पत्रुस ३ : ११)

येशूको आगमनको समयमा परमेश्वरको वचनले शुद्ध बोली भएकोलाई बोलाउनुहुन्छ, शुद्ध सोचाइ भएको, शुद्ध व्यवहार भएकोलाई बोलाउनु हुन्छ । हृदयमा पवित्र हुनको निम्ति पवित्र आत्माले भरिनुपर्छ । परमेश्वरको पवित्र आत्माले मरिनुभन्दा अरू कुनै पनि उपाय छैन । जब आत्माले भरिपूर्ण हुन्छौं तब सबै कुरामा शुद्धता आउँदछ । परमेश्वरले उहाँमा समर्पित हुनेलाई पूर्णरूपमा शुद्ध र सफा बनाउनु हुन्छ । प्रेरित पावलका यी पदहरूलाई हेर्नुहोस् "तर परमेश्वरको दृढ जग खडै रहन्छ, र त्यसमा यो छाप लागेको छ, प्रभुले आफ्ना जातिलाई चिन्नुहुन्छ र प्रभुको नाउँ लिने जति हरेक अधर्मबाट टाढै रहोस् । ठूलोघरमा सुन र चाँदीका भाडाहरू मात्र हुँदैनन् तर काठ र माटोका पनि हुन्छन् कुनै आदर र कुनै अनादरका निम्ति । जे कुरो अनादरको छ यदि कसैले त्यसबाट आफूलाई शुद्ध पाऱ्यो भने त्यो आदरको कामको लागि एउटा पात्र बन्नेछ र घरका मालिकको निम्ति चोखो उपयोगी र कुनै पनि असल कामको निम्ति तयार रहनेछ ।" (२ तिमोथी २ :१९ -२१)

के तपाईंको जीवनमा उहाँको काम नलाग्ने भाँडोको रूपमा आफूलाई भएको छ ? यदि त्यस्तो हो भने यूहन्ना १ को ९ पदलाई विचार गर्नुहोस् "यदि हामीले आफ्ना पापहरू स्वीकार गऱ्यौं भने उहाँले हाम्रा पाप क्षमा गर्नुहुन्छ र सबै अधर्मबाट हामीलाई शुद्ध पार्नु हुन्छ, किनकि उहाँ विश्वासयोग्य र धर्मी हुनुहुन्छ ।"

यो सत्य हो कि कहिलेकाहीं हाम्रो जीवनमा अशुद्धताले बास गरेको हुन्छ । तर त्यो नै लगातार पाप गर्ने मध्यम हुनुहुँदैन । उहाँले हामीलाई विभिन्न बाटोहरू दिनुभएको छ । हामी शुद्ध र पवित्र हुन सक्छौ । प्रभुको दिन नजिक आएको छ भन्नेमा यूहन्नाले यसो भन्दछन् "अनि जस्तो उहाँ पवित्र हुनुहुन्छ, उहाँमाथि यो आशा राख्ने हरेक मानिस आफूलाई पवित्र पार्छ ।" (१ यूहन्ना ३ : ३)

त्यसैले हरेक ख्रीष्टियनहरूले आफ्नो जीवनलाई पूर्णरूपले समर्पित भई छुट्याइएको हुनुपर्छ । यदि तपाईं परमेश्वरबाट चलाइएको हुनुहुन्छ भने उहाँको निम्ति छुट्टाइएको पनि हुनुहुन्छ जुन कुरा संसारभन्दा बेग्लै र परमेश्वरको कामको निम्ति अर्पित भएको हुनुहुन्छ ।

# पवित्रतामा उहाँलाई पछ्याउनु

## Following Him unto holiness

– Jean Nicolas Grou

"हे परमप्रभु, तपाईंको मार्ग मलाई सिकाउनुहोस् र मेरा शत्रुहरूको कारण मलाई सोझो मार्गमा डोऱ्याउनुहोस् ।" (भजनसंग्रह २७ : ११)

परमेश्वर मात्र पवित्र हुनुहुन्छ । आफ्ना छोरा छोरीलाई पवित्रताको मार्गमा कसरी डोऱ्याउनुपर्छ भन्ने उहाँलाई मात्र थाहा छ । उहाँलाई तपाईंको प्राण, तपाईंको हृदयको सोचाइ, तपाईंको व्यवहारको गोप्यता र रोकावटको बारेमा थाहा छ । तपाईंलाई कसरी आफ्नो इच्छाअनुसार बनाउने भन्ने उहाँलाई थाहा छ र उहाँले तपाईंलाई पूर्ण शुद्धतामा डोऱ्याउनु हुनेछ ।

यो विश्वासलाई कसेर समात्नुभयो भने, यसको प्रतिफलले तपाईंको पूरै जीवनलाई प्रभावित पार्छ । तपाईंले आफ्नो जीवन उहाँमा समर्पित गर्नुहुन्छ भने तपाईंले उहाँसँग केही पनि माग्नुहुन्छ केही पनि इन्कार गर्नुहुन्न तर उहाँले दिनुभएको सबै कुरा खुसीसाथ साथ लिनुहुन्छ र पूर्णतामा आउनुभन्दा एक पाइला पहिले तपाईं प्रसस्त विश्वासद्वारा पवित्र रहनुहुनेछ ।

# ख्रीष्टको आगमनको निम्ति आफैलाई शुद्ध पार्नु

## Purifting Ourselves For Chirst's Return

By Rich Carmicheal

Vol 78 No. 11 (935)

जब येशूख्रीष्ट हाम्रो पापको निम्ति क्रूसमा मर्नुभयो, उहाँले हामीलाई उदाहरणसहित प्रेम देखाउनु भयो । "आफ्नो मित्रहरूका लागि आफ्नो प्राण अर्पण गरिदिनुभन्दा ठूलो प्रेम अरू कसैको हुँदैन ।" (यूहन्ना १५ : १३) उहाँले अर्को सम्भावित उपहार पनि दिनुभयो । "पत्नी हो, आफ्ना पत्नीलाई प्रेम गर जसरी ख्रीष्टले पनि मण्डलीलाई प्रेम गर्नुभयो र त्यसको निम्ति आफूलाई अर्पण गर्नुभयो ।" (एफिसी ५:२५) हामीलाई मुक्त दिनको निम्ति उहाँको अनमोल रगत बगाएर दाम तिरी किन्नुभयो । जसले गर्दा हामी उहाँको नाममा छुट्याएको छौँ । (१ पत्रुस १ : १८ -१९)

उहाँले हाम्रो निम्ति आफूलाई बलिदान दिएर एउटा उदाहरणीय जीवन देखाउनुभयो र उहाँको समर्पित जीवनले हामीलाई पापवाट मुक्त गरी उहाँको वाटोमा हिँड्न सिकायो । "र, हाम्रो धन्यको आश हाम्रा महान् परमेश्वर र मुक्तिदाता येशू ख्रीष्टका महिमाको आगमनको हामी प्रतिज्ञा गर्दछौँ । ख्रीष्टले हामीलाई सबै अधर्मबाट मोल तिरेर उद्धार गर्नुभयो । सकार्यमा जोसिलो भएको आफ्नै निम्ति एक विशेष जाती शुद्ध पर्नलाई आफूलाई दिइहाल्नुभयो ।" (तीतस २:१३-१४) उहाँको दोस्रो आगमन नजिक आइरहेको छ । जुन दिन उहाँले आफ्नो अमूल्य रगत हाम्रो लागि दिनुभयो । त्यसैले हामी उहाँजस्तो हुनु आवश्यक छ । जब उहाँ आउनुहुनेछ "प्रिय हो अहिले हामी परमेश्वरको सन्तान हौँ र हामी के हाल सो अहिलेसम्म प्रकट भएको छैन, यदि जान्दछौ कि जब उहाँ प्रकट हुनुहुन्छ, तब हामी उहाँजस्तै हुनेछौँ किनकि उहाँजस्तो हुनुहुन्छ, हामी उहाँलाई त्यस्तै देख्नेछौ । अनि जस्तो उहाँ पवित्र हुनुहुन्छ, उहाँमाथि यो आशा राख्ने हरेक मानिसले आफूलाई पवित्र पर्छ ।" (१ यूहन्ना ३ : २-३)

के तपाईं येशू ख्रीष्टको दोस्रो आगमनको लागि पापरहितको पवित्र जीवन जिएर उहाँलाई पर्खिरहनु भएको छ ? प्रेरित यूहन्नाले हामीलाई यो कुराको सम्झना गराउँदछन् कि "पाप हरण गर्नलाई उहाँ प्रकट हुनुभएको हो भन्ने कुरा तिमीहरू जान्दछौ र उहाँमा कुनै पाप छैन । उहाँमा रहने कसैले पाप गरिरहँदैन । पाप गरिरहने कसैले उहाँलाई तन देखेको छ न यिनैको नै छ ।" (१ यूहन्ना ३ : ५ -६)

येशू ख्रीष्टले कलबरीको क्रूसमा आफूलाई बलिदान गर्नुभयो र उहाँको बहुमूल्य बलिदानबाट परमेश्वरको प्रिय पुत्र बन्न सक्नुभयो, पिताका सबै आज्ञाहरूमा ज्ञान प्राप्त गरी माथि उचालिनुभयो । हिब्रूका लेखकले यसरी भन्दछन्, "किनकि यदि सत्यताको ज्ञान पाएर पनि हामीले जानी-जानी पाप गर्‍यौं भने पापको निम्ति अब उँभो अरू कुनै बलिदान रहँदैन तर इन्साफको डरलाग्दो प्रतिज्ञा र विरोधीहरूलाई भस्म गर्ने क्रोधको अग्निमात्र रहनेछ । मोशाको व्यवस्थालाई उल्लङ्घन गर्ने मानिस दुई वा तीन साक्षीहरूका गवाहीमा दयाविना मर्नुपर्छ । तिमीहरू आफै विचार गर परमेश्वरको पुत्रलाई खुट्टामुनि कुल्चने, आफूलाई पवित्र तुल्याएको करारको रगतलाई अपवित्र बनाउने र अनुग्रहका आत्मालाई अपमान गर्नेचाहिँ झन कति बढी कडा दण्डको योग्य ठहरिने छ ।" (हिब्रू १०: २६ - २९)

कस्तो अचम्मको कुरा यदि मानिसलाई सत्यताको बारेमा थाहा हुँदाहुँदै पाप गर्छ भने उहाँको रगतको अपमान गरिरहेको हुन्छ । यदि हामीले उहाँको दोस्रो आगमनको निम्ति पर्खिरहेका छौँ भने हामीहरू "यसकारण प्रिय हो, तिमीहरू यी कुराको प्रतिज्ञा गर्नेहरू भएका हुनाले उहाँको पृथ्वीमा तिमीहरू दाग वा खोट नभएकाहरू र शान्तिमा बस्नेहरू हुन प्रयत्न गर ।" (२ पत्रुस ३ : १४)

जसलाई परमेश्वरले बोलाउनु हुन्छ उहाँ पवित्र हुनुहुन्छ, त्यसैले हामीहरू उहाँको निम्ति पवित्र रहनुपर्छ । (१ पत्रुस १ : १५)

प्रेरित पावलले पनि यो कुरा भन्दछन् कि "जसले हामीलाई भक्तिहीनता र सांसारिक तृष्णाहरू त्याग्न र संसारमा संयमी सोझा र भक्त भएर जीवनयापन गर्न तालिम दिन्छ र हाम्रो धन्यको आशा हाम्रा महान् परमेश्वर र मुक्तिदाता येशू ख्रीष्टको महिमाको आगमनको हामी प्रतिज्ञा गर्दछौं । " (तीतस २ : १२ - १३) पावलले फेरि पनि कलस्सीको पुस्तकमा यसरी भन्दछन्, "ख्रीष्ट जो हाम्रो जीवन हुनुहुन्छ उहाँ प्रकट हुनुहुँदा तिमीहरू पनि उहाँसग महिमामा प्रकट हुनेछौं । यसकारण तिमीहरूमा जो सांसारिक स्वाभावका कुराहरू छन्, तिनलाई मार व्यभिचार, अशुद्धता, कामुकता, खराब इच्छा र लोप, जो मुक्ति प्रजा हो यी नै कुराहरूका खातिर । परमेश्वरको क्रोध अज्ञानी मान्छेहरूमाथि आउँदछ । तिमीहरू पनि यी कुरामा रहँदा अघि एक समयमा यस्तै कुरामा चाँहदथ्यो

# पापी संसारमा चोखो रहनु

## Staying Pure in a Sinful World

Vol. 78 No. 5 (929)

ByT.A. Hegre (1908 - 1984)

यदि हामी साँचो रूपले ख्रीष्टमा बाँचेका छौ भने, हामी परमेश्वरले भनेको जस्तो जीवन जिउन इच्छा गर्दछौं । प्रश्न यो छ कि कसरी पवित्र बन्न सक्छौं ? कसरी परमेश्वरले हामीलाई पवित्र बनाउनुहुन्छ ?

जब मानिसले पाप गऱ्यो र महिमारहित हुन पुग्यो र अफसोस गर्न पुग्यो । उसले आफ्नो आत्मिक जीवन गुमायो र मरेतुल्य भयो, उसले शक्ति गुमायो र शैतानिक काममा सहभागी भयो । सबैभन्दा ठूलो नोक्सानी भनेको उसले आफ्नो आत्मा गुमायो र हृदयको पवित्रतालाई हरायो ।

तर परमेश्वर महान हुनुहुन्छ र उहाँले सबै मुक्ति गुमाएका मानिसलाई बराबर प्रेम गर्नुहुन्छ । उहाँले मानिसलाई पवित्र बनाउनुहुन्छ । परमेश्वरको अचम्मको उद्धारतालाई पछ्याउनाले हामी संसारका मानिसहरूमा चोखो रहन सक्छौं । निम्न प्रकारका क्रियाहरूले मानिसलाई पवित्र राख्न सक्छ ।

**(१) रगतद्वारा पवित्र बन्नु -** सबैभन्दा पहिलो हामी उहाँको रगतद्वारा पवित्र बनाइएका छौं । ख्रीष्टले पापी मानिसहरूका सबै पापका निम्ति आफूलाई कल्बरी क्रूससम्म अर्पण गर्नुभयो । परमेश्वरको वचनले जस-जसले ख्रीष्टमाथि विश्वास गर्दछ तिनीहरूलाई क्षमा गरिएको छ भन्दछ । पुरानो करामा जनावरको बलिदानले मानिसहरू शुद्ध बनाउने गर्दथे, तर नयाँ करारमा आएर जनावरको रगतले मानिसको पापको शुद्धीकरण हुन सक्दैछ । अब शुद्ध पापरहित निष्कलङ्क मानिसको रगतको खाँचो भयो, त्यो केवल ख्रीष्ट येशू मात्र हुनुहुन्थ्यो । उहाँले आफ्नो पुत्रद्वारा यो पूरा गर्नुभयो । "हेर संसारको पाप उठाइलैजाने परमेश्वरका थुमा ।" (यूहन्ना १ : २९) ।

प्रेरित यूहन्नाले आफ्नो पहिलो पत्रमा यसरी भन्दछन्, "तर उहाँ ज्योतिमा हुनु भएझैं यदि हामी पनि ज्योतिमा हिँड्छौं भने, एक अर्कासित हाम्रो संगति हुन्छ र उहाँका पुत्र येशूको रगतले हामीलाई सबै पापबाट शुद्ध पार्छ । यदि हामी पापमा छैनौं भनी हामी भन्छौं भनेता हामीले आफैंलाई धोका दिन्छौं र हामीमा सत्य हुँदैन । यदि हामीले आफ्ना पापहरू स्वीकार गर्‍यौं भने उहाँले हाम्रा पाप क्षमा गर्नुहुन्छ, र सबै अधर्मबाट हामीलाई शुद्ध पार्नुहुन्छ । किनकि उहाँ विश्वासयोग्य र धर्मी हुनुहुनछ ।" (१ यूहन्ना १ : ७ -९) पाप हटाउन र पवित्रता ल्याउन केवल येशूको रगतले मात्र सम्भव छ । परमेश्वरको थुमा हामीलाई पवित्र बनाउने माध्यम हुनुहुन्छ । "वास्तवमा व्यवस्थाअनुसार रगतले प्रायः सबैथोक शुद्ध पार्दछ र रगत नबगाईकन पापको क्षमा हुन सक्दैन ।" (हिब्रू ९ : २२) येशूको खातिर पश्चाताप गर्ने व्यक्तिलाई पिताले क्षमा गर्नुहुन्छ । त्यस्तो व्यक्ति उहाँबाटै आएको हुनुपर्छ र उसले अनन्त जीवनको निश्चयता भएको हुनुपर्छ ।

**(२) क्रूसद्वारा पवित्र बन्नु-** येशूको रगतमात्र हामीलाई पवित्र बनाउने एक मात्र माध्यम होइन । हामी क्रूसद्वारा पनि पवित्र बन्न सक्छौं । मानिसका सबै पापहरू शुद्ध हुँदैनन् । छुटकाराले पनि परमेश्वरले शक्ति प्राप्त गर्न सकिन्छ कि मानिसहरू स्वतन्त्र होस् । जसले क्षमा प्राप्त गरेको छ, उसले अनन्त जीवनको निश्चयता प्राप्त गरेको हुन्छ । तर पनि मानिसको स्वभाव पापी नै हुन्छ । त्यसैले घरिघरि पश्चाताप गरिरहनु पर्छ ।

यशैयाले मानवीय स्वभावको बारेमा यसरी भन्दछन्, "हामी सबै भेडाजस्तै बरालिएका छौं । हामी हरेक आफ्नै बाटोतिर लागेका छौं, र परमप्रभुले उसमाथि हामी सबैको अधर्म हालिदिनुभएको छ ।" (यशैया ५३ : ६) मानिसको स्वार्थीपन नै पापको पहिलो जरा हो । यो क्षमायोग्यको छैन, यो त मार्नुपर्छ । यो एउटा मानिसको विचार र सोचाइमा भरपर्ने कुरा हो, जबसम्म यो स्वार्थीपन मानिसको हृदयमा हुन्छ, यसलाई क्षमाले पनि काम गर्दैन । हामीले हाम्रा आफ्ना इच्छाहरूलाई कल्बरी क्रूसमा मार्नुपर्छ र यसलाई क्रूसमा झुण्ड्याउनु नै पर्छ ।

तब मात्र परमेश्वरले स्वार्थीपनलाई क्षमा दिन सक्नुहुन्छ । यदि अगुवाहरूले आफ्नो स्वार्थलाई

तर अब तिमीहरूले पनि यी सबै कुरा त्याग रिस, क्रोध, डाह, निन्दा, आफ्नो मुखबाट निस्किने फोहोर बोली ।" (कलस्सी ३ : ४ - ८)

येशू ख्रीष्टले हाम्रो निम्ति के गर्नुभयो त्यो प्रेम र आदरको निम्ति हो । यसलाई सम्झेर उहाँको आगमनको दिनलाई पर्खाउनु पर्छ । हाम्रा सबै पापहरूबाट फर्केर पवित्रतामा लागिरहनुपर्छ । यो आशिष मात्र नभईकन अनन्त-अनन्तसम्मको लागि प्रतिज्ञा पनि हो । जसले हामीलाई आफ्नो अनमोल रगत बगाएर शुद्ध पर्नुभयो, उहाँलाई हामी आदर गर्नुपर्छ । "शान्तिका परमेश्वर आफैले सम्पूर्ण रूपले तिमीहरूलाई चोखा तुल्याउन र तिमीहरूका समस्त आत्मा प्राण र शरीर हाम्रो प्रभु येशू ख्रीष्टको आगमनमा निष्कलङ्क रहून् ।"(१ थिसलोनिकी ५ : २३)

त्यसैले ख्रीष्टको अति नै महत्वपूर्ण छ । यो प्रार्थना पवित्र आफैलाई शुद्ध राख्नु अति नै महत्वपूर्ण छ । यो प्रार्थना, पवित्र आत्माको शक्ति र दिन दिनको जीवनमा गरिने क्रियाकलापहरूद्वारा मात्र सम्भव छ ।

त्यागेका छैनन् भने परमेश्वरले तिनीहरूलाई क्षमा दिनु हुँदैन । त्यो स्वार्थीपनको अन्त्य हुनुपर्छ । जबसम्म मानिसले आफ्नो जीवनमा आउने बाधालाई क्रूसमा टुङ्ग्याउन सक्दैन तबसम्म परमेश्वरको क्षमाको योग्य बन्न सक्दैन । येशूले मत्तीको पुस्तकमा यसरी भन्नुभयो, "काही मेरो पछि आउने इच्छा गर्दछ भने, उसले आफूलाई इन्कार गरोस् र आफ्नो क्रूस उठाएर मेरो पछि लागोस् ।" (मत्ती १६ : २४)

प्रेरित पावलले रोमीको पुस्तकमा यसरी भन्दछन्, "अब हामी के भनौं ? के अनुग्रह प्रशस्त मात्रामा होस् भनेर पापमा लागिरहौं त ?" (रोमी ६ : १) जब हामी पापको लेखी भरिसक्यौ भने अब अझै के हामी त्यसैसँग जिउने त ? पद ६ मा पावलले यसरी भन्दछन्, "हामीले जान्दछौं कि हाम्रो पुरानो मनुष्यत्व उहाँसँग क्रूसमा झुण्ड्याउनु ताकि हाम्रो पापमय शरीर नाश होस्, र अब उसो हामी पापका कमारा नहोऔं ।" यदि यो पदअनुसार हो भने हामीले पापलाई त्यागिसकेका छौं र भरिरहेका छौं, त्यसैले पाप नगरौं । हाम्रो पापको निम्ति मुक्तिदाता क्रूसमा टाँगिइसक्नुभएको छ र हामीले उहाँलाई स्वीकार गर्दा नै अब आज उसो म पनि तपाईंसँग क्रूसमा टाँगिएको छु, भनिसकेका हुन्छौं र हामीले पापी स्वभावलाई छोड्ने कोशिस गर्नुपर्छ । पावलले पद ११ मा यसरी भन्दछन्, "यसैगरि तिमीहरूले पनि आफू आफूलाई पापको लेखी मरेका, तर खीष्ट येशूमा परमेश्वरको लागि जीवित भएका ठान्नुपर्छ ।

हामीलाई यो सत्य थाहा छ । हामीले यो विश्वास गर्नुपर्छ, हामी यसको लेखा दिनुपर्छ । जबसम्म खीष्ट मेरो पापको निम्ति मर्नुभयो, गाडिनुभयो र बौरी उठ्नुभयो भन्ने थाहा गर्दैनौं र विश्वास गर्दैनौं, हामीले पापमाथि विजय भएको महसुस गर्न सक्दैनौं । विभिन्न किसिमका अप्ठ्याराहरूबाट मुक्त हुन हामीलाई पवित्र आत्माले मात्र सहायता गर्नुहुन्छ । पावल प्रेरितले गलातीको पुस्तकमा यसरी आफ्नो गवाही दिँदछन् "म खीष्टसँग क्रूसमा टाँगिएको छु, अब उप्रान्त जिउने म होइन तर खीष्टमा जिउनुहुन्छ । जुन जीवन शरीरमा म अहिले जिउँछु, त्यो परमेश्वरको पुत्रमा विश्वास गरेर जिउँछु, जसले मलाई प्रेम गर्नुभयो र मेरो निम्ति आफूलाई अर्पण गर्नुभयो ।" (गलाती २ : २०)

हामीले यो सबैभन्दा ठूलो र महान सत्य कुरालाई विश्वास गर्नुपर्छ र पछ्याउनु पर्छ । यसलाई हामीले हाम्रो दैनिक जीवनमा साधारण रूपमा प्रयोगमा ल्याउनु पर्छ । त्यसलाई हामीले यस सांसारिक शरीरमा पूरा गर्नुपर्छ । आफ्नो शरीरमा इच्छा र अभिलाषालाई छोड्न सक्नुपर्छ र परमेश्वरको इच्छामा हिँड्न सक्नुपर्छ । हामीलाई पवित्र बनाउने सबैभन्दा मुख्य सूत्र क्रूस नै हो । जसले हामीलाई उहाँकहाँ पुग्नलाई सजिलो बनाउँदछ । र, यसलाई आफ्नो जीवनमा प्रयोग ल्याएर अनुभव गर्नुहोस् ।

**(३) आत्माद्वारा पवित्र बन्नु :** माथि हामीले दुई प्रकारका बुँदालाई हामीलाई पवित्र राख्न सकिन्छ भनेर हेरौं । यसमा पवित्र आत्मा भएन भने पूरा हुन सक्दैन । यिनीहरूलाई सफल बनाउन आत्माले नै पूरा गरी दिनुहुन्छ ।

येशूले आफ्ना चेलाहरूलाई भन्नुभयो, "अनि यति भनेर उहाँले तिनीहरूमाथि स्वास फुकेर भन्नुभयो, पवित्र आत्मा लेओ ।" (यूहन्ना २० : २) । र, यो सबै कुरा पेन्तिकोसको दिनमा उनीहरू पवित्र आत्माले भरिए । परमेश्वरको आत्मा पवित्र हुनुहुन्छ र उहाँले पवित्र बनाउनुहुन्छ । परमेश्वरले हामीलाई धर्मीमात्र होइन पवित्र बनाउनुहुन्छ । उहाँले हमीलाई धार्मिक रूपमा गन्नेमात्र होइन पवित्र पनि बनाउनुहुन्छ । जबसम्म पवित्र आत्माले हाम्रो जीवन भरिँदैन तबसम्म हामी पवित्र हुनसक्दैनौं ।

हाम्रो जीवनलाई पापदेखि मुक्त गर्नको निम्ति येशू खीष्ट क्रूसमा काँटी ठोकिनुभयो र उहाँले हामीलाई उहाँसँग घनिष्ट सम्बन्ध राखेको चाहानुहुन्छ । साथै उहाँले हाम्रो जीवनका इच्छा र अभिलाषाहरूलाई येशूजस्तै क्रूसमा झुन्ड्याइएको चाहनुहुन्छ । खीष्टसँगै हामी पनि बौरी उठेका छौं र खीष्टको ठाउँमा उभिएका छौं । हामीले कुनै किसिमका दोसारोपन विनाको जीवन जिउन सक्छौं । त्यसकारण हामी हृदयदेखि नै पवित्रआत्मालाई विश्वास गर्छौं र काम गर्न दिन्छौं । पवित्र आत्माले हाम्रो जीवनलाई शक्ति दिनुहुन्छ ।

येशूले आफ्ना चेलाहरूलाई आफ्नो कामको लागि तयार गर्नुभएको थियो र उहाँले आत्माको बारेमा यही भन्नुभयो, "म पितासँग बिन्ती गर्नेछु र उहाँले तिमीहरूलाई अर्को सल्लाहकार दिनुहुनेछ र उहाँ तिमीहरूसँग सदासर्वदा रहनुहुनेछ ।" (यूहन्ना १४ : १६) उहाँले आफू स्वर्गमा उचालिलगिनुभन्दा अगाडि आफ्ना चेलाहरूलाई अन्तिम चुनौती दिँदै यो भन्नुभयो "तिमीहरू यरुसलेमबाट कतै नजाओ तर पिताले गर्नुभएको प्रतिज्ञाको प्रतिक्षा गर । यसबारे तिमीहरूले मबाट सुनिसकेका छौं । किनभने यूहन्नाले त पानीले बप्तिस्मा दिए तर अबका थोरै दिनमा पवित्र आत्मामा तिमीहरूको बप्तिस्मा हुनेछ ।" (प्रेरित १ : ४ - ५) यो चाहिँ साँच्चि नै पेन्तिकोसको दिनमा पूरा भयो । र, अहिले पनि जो खीष्टमा तिर्खाएर आउँछ उसले आत्माको शक्तिलाई पिउन पाउँदछ र जीवनभर उहाँको प्रतिज्ञाअनुसार आशिषित हुन्छन् । अहिले हामीहरूमा ऐतिहासिक कुरा यो छ कि येशू खीष्टले आफ्नो जीवनलाई कवारी क्रूसमा दिनुभयो र पेन्तिकोसको दिनमा सबै मानिसहरूलाई पवित्र आत्मा खनाइदिनुभयो साथै जसले उहाँमाथि विश्वास गर्छ उनीहरूलाई आशिषको माध्यम बनाइदिनु भयो । सधैं उहाँलाई पछ्याउनेहरूलाई आशिषित बनाउनुभएको छ ।

पवित्र आत्मा परमेश्वरमा पवित्र बनाउनका लागि माध्यम हुनुहुन्छ ।

पत्रुसलाई आत्माद्वारा कर्नीलियसको घरमा अनुभव दिनुभएको थियो । त्यो "हृदयका कुरा जान्नुहुने परमेश्वरले तिनीहरूलाई पनि हामीलाई जस्तै पवित्र आत्मा दिन भएर तिनीहरूलाई ग्रहण गरेको कुरा देखाउनु भयो । उहाँले तिनीहरू र हामीहरूका बीच कुनै भेदभाव राख्नु भएन तर तिनीहरूका हृदय विश्वासद्वारा शुद्ध पार्नुभयो ।" (प्रेरित १५:८ - ९)

**(४) आत्माद्वारा पवित्र हुँदै अगाडि बाँड्नु-** जब हामी पापको पश्चाताप गर्दै परमेश्वरलाई खोज्छौं, उहाँले हामीलाई कल्वरी क्रूसद्वारा, पवित्र आत्माद्वारा र उहाँको रगतद्वारा कल्वरी क्रूसको मृत्युले हाम्रो पापलाई टाढा राख्न सक्छ र खीष्टसँगै बस्न सक्छौ । उहाँले हाम्रो आनिबानिलाई परिवर्तन गरिदिनुहुन्छ । हिजोको पापी स्वभावहरू त्यागेर उहाँको कामको लागि तयारी बनाउनुहुन्छ ।

यो काम निरन्तर रूपमा गइरहन्छ । जसलाई उहाँले आफ्नो कामको निम्ति बोलाउनु भएको छ, यो कामको वृद्धिको निम्ति पवित्र आत्माले सहायता गर्नुहुन्छ । पवित्र आत्माले हामीमा नमुनाको रूपमा काम गर्नुहुन्छ । पवित्र आत्माले उहाँको अचम्मको काम गर्नको शक्ति दिनुहुन्छ साथै अगुवाइ गर्नुहुन्छ ।

**(५)वचनद्वारा पवित्र हुँदै अगाडि बढ्नु -** अर्को अति नै महत्वपूर्ण कुरा परमेश्वरको राज्यविस्तारमा उहाँको वचनमा पवित्र रहनु हो । परमेश्वरको वचनद्वारा हामी पवित्र बनेका छौं । "येशूले भन्नुभयो मैले तिमीहरूलाई भनेको वचनले तिमीहरू अघि नै शुद्ध भइसकेका छौ ।" (यूहन्ना १५:३) त्यस्तै "तिनीहरूलाई सत्यमा पवित्र पारिदिनुहोस्, तपाईंको वचन सत्य हो ।" (यूहन्ना १७ : १७) प्रेरित पत्रुसले पत्रमा परमेश्वरको वचनको बारेमा यसरी भन्दछन्,"अब सत्यको वचन पालनद्वारा तिमीहरूले आफैलाई शुद्ध पारेको हुनाले आफ्ना दाजुभाइलाई निष्कपट प्रेम गर, र हृदयबाट नै एउटाले अर्कोले गहिरो प्रेम गर ।" (१ पत्रुस १ : २२)

भजन लेखकले पनि यसो भन्दछन्, "तपाईंको वचन मेरो गोडाको निम्ति बत्ती र मेरो बाटोको निम्ति उज्यालो हो ।" ( भजनसंग्रह ११९:१०५), "जवान मानिसले आफ्नो चालचलन कसरी चोखो राख्न सक्छ ? तपाईंका वचनअनुसारको जीवन बिताएर नै हो ।" (भजनसंग्रह ११९:९) हामीलाई परमेश्वरको वचनको निरन्तर खाँचो हुन्छ । हाम्रो खिष्टियन जीवनमा विश्वासयोग्य भएर ज्युन परमेश्वरको वचनको अति नै खाँचो हुन्छ । खीष्टियन जीवनको वृद्धिको निम्ति परमेश्वरको वचन अति नै महत्वपूर्ण हुन्छ ।

**(६) अनुशासनद्वारा पवित्रतामा अगाडि बढ्नु-** अर्को अति नै महत्वपूर्ण बुँदाचाहिँ पवित्र हुनुलाई अनुशासनको पनि त्यत्तिकै खाँचो हुन्छ । यसलाई हामीले राम्रोसँग बुझ्नुपर्छ कि आदमले परमेश्वरको वचनको आज्ञालाई भङ्ग गर्दा सबै मानिस पापमा फसे र ती मानिसहरूलाई बचाउनको निम्ति खिष्ट क्रूसमा जानुपऱ्यो ।

हिब्रू लेखकले १२ अध्यायमा यसरी भन्दछन् "किनकि तिनीहरूले असल ठानेबमोजिम केही दिन हामीलाई ताडना दिए । तर हामी उहाँका पवित्रताको सहभागी हुन सकौं भनेर हाम्रो फाइदाको निम्ति उहाँले ताडना दिनुहुन्छ ।" (हिब्रू १२ : १०) हामीलाई अनुशासन चाहिन्छ । अनुशासनबिना हामी पक्का हुन सक्दैनौं । हामी यदि साचि नै परमेश्वरमा वृद्धि हुन चाहन्छौ भने उहाँको अनुशासनको अभ्यास गर्नुपर्छ । इस्रायएलीहरूले पनि प्रतिज्ञाको मुलुकमा पुग्नलाई जसले अनुशासन पालन गरे उनीहरूमात्र पुग्न सके । त्यस्तै खीष्टियन जीवनमा पनि जति हामी परमेश्वरको वचनको आज्ञामा रहन्छौं, त्यति नै अन्धकारको शक्तिमाथि विजय हुन्छौं अथवा पुराना हाम्रा बानीहरूलाई र पुरानो मुनष्यतत्वलाई छाडेर परमेश्वरको आज्ञाअनुसार हिँड्न सहायता हुन्छ । परमेश्वरले हामीलाई साधारण अनुशासित भएको मन पुऱ्याउनु हुँदैन । उहाँले उहाँको वचमा पूर्ण रूपले आज्ञा पालन गरेको र उहाँमा भर परेको मन पुऱ्याउनुहुन्छ । जब हामी उहाँमा भर पर्छौं, हाम्रा सबै बानीहरूलाई परिवर्तन गरिदिनुहुन्छ ।

मलाई थाहा छ कि परमेश्वरले विभिन्न परिस्थितिमा समस्या समाधान गर्न सिकाउनुहुन्छ । हामी त्यसको योग्य त हुँदैनौं तर पनि बाटोहरू देखाइदिनुहुन्छ । येशू आफै परमेश्वर हुँदाहुँदै पिताको आज्ञा पालना गर्नुभयो । "उहाँ पुत्र हुनुहुन्थ्यो तापनि आफूले भोग्नुभएको कष्टद्वारा उहाँले आज्ञापालन गर्न सिक्नुभयो ।" (हिब्रू ५ : ८) येशू पवित्र हुनुहुन्थ्यो तर उहाँ ठूलो सङ्कट भएर जानुभयो । यसबाट हामीले परमेश्वरको वचमा आज्ञापालन हुनुपर्छ भन्ने सिक्न सक्छौं । प्रभुले मासिनहरूलाई बचाएर ठूलो काम गर्नुभयो र उहाँले अनुशासनद्वारा यो गर्न सक्नुभयो । यस्तो काम गर्न दुई प्रकारले मात्र सकिन्छ कि त परिस्थितिलाई परमेश्वरको हातमा सुम्पेर अथवा आफुलाई संयमी राखेर । यी गर्न सक्यौं भने मात्र हामी उहाँको अनुशासनमा सिद्ध बन्न सक्छौं ।

परमेश्वरले हामीलाई पवित्र रगतद्वारा, पवित्रआत्माद्वारा उहाँको वचनद्वारा र अनुशासनद्वारा पवित्र बनाउनुभएको छ । जस्तो सुकै परिस्थिति पनि उहाँलाई विश्वास गर्नुपर्छ र विश्वासयोग्य प्रकारले काम गर्नुपर्छ र पूर्ण समर्पित हुनुपर्छ । पावलले एफिसीको पुस्तकमा यसरी भन्दछन् "पति हो, आफ्नो पत्निहरूलाई प्रेम गर, जसरी खीष्टले पनि मण्डलीलाई प्रेम गर्नुभयो र त्यसको निम्ति आफूलाई अर्पण गर्नुभयो । यस हेतुले कि उहाँले त्यसलाई पानीले धोएर वचनद्वारा पवित्र पार्न सकून् र उहाँले दाग वा चाउरी नभएको तेजस्वी मण्डली आफैकहाँ प्रस्तुत गर्न सकुन र त्यो चाहिँ पवित्र र निस्खोट हुन सकोस् । " (एफिसी ५ : २५ - २७)

From Massage of the cross.

# BOOKPOST

## पत्र पाउनेको ठेगाना (TO)

नाम (Name) :

ठेगाना (Address) :

## हाम्रो ठेगाना (Our Address):


जी.पी.ओ. बक्स ८९७५, ई.पी.सी. : ५६००, काठमाडौं, नेपाल

प्रकाशक : गोस्पल रिभाइभल आई.एन.सी.

सल्लाहकार : ऋच कारमाइकल

कम्प्युटर सेटिङ : एक्सट्रा प्रिन्ट आउट, डिल्लीबजार, ९८१८६०५६८२

सह–सम्पादक : श्रीमती शान्ति पौडेल

सम्पादक : नवराज पन्त

G.P.O. Box: 8975, EPC: 5600, Kathmandu, Nepal

E-mail: nepalherald@yahoo.com

Phone No:- 2090221, 4382442

Published by: Gospel Revival Inc. (all rights reserved)

Counselor: Rich Carmicheal

Computer Setting: Xtra Print Out, Dillibazar, # 9818605682

Co- Editor: Shanti Poudel

Editor: Nava Raj Panta

website: www.nepalherald.blogspot.com